राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १२७ | २०८२ माघ ७ गते बुधवार | (Wednesday, 21 Jan., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

**प्रतिनिधिसभा निर्वाचन**

## महोत्तरीमा १४३ जनाको उम्मेदवारी दर्ता, धनुषामा १५८



महोत्तरी क्षेत्र नं २ मा मनोनयन दर्ता गराउँदै जनता समाजवादी पार्टी नेपालका नेता शरतसिंह भण्डारी । तस्बिर : द पब्लिक टुडे

**द पब्लिक टुडे समाचारदाता**
**ढल्केवर, माघ ६ गते ।**

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि महोत्तरीमा १४३ जनाले उम्मेदवारी दिएका छन् । चार निर्वाचन क्षेत्रबाट १४३ जनाले मनोनयन दर्ता गरेको निर्वाचन कार्यालय महोत्तरीले जनाएको छ । क्षेत्र नं १ बाट २७ जना, क्षेत्र नं २ बाट ३७ जना, क्षेत्र नं ३ बाट ४२ जना र क्षेत्र नं ४ बाट ३७ जना गरी १४३ जनाले उम्मेदवारी दर्ता गरेका छन् ।

नेपाली कांग्रेसबाट क्षेत्र नं १ मा मुकेशराज काफ्ले, क्षेत्र नं २ मा किरण यादव, क्षेत्र नं ३ मा बजरंग नेपाली र क्षेत्र नं ४ मा महेन्द्र कुमार रायले उम्मेदवारी दर्ता गरेका छन् । यस्तै नेकपा एमालेबाट क्षेत्र नं १ मा लक्ष्मी महतो कोइरी, क्षेत्र नं २ मा कासिम नदाफ, क्षेत्र नं ३ मा मनोजकुमार सिंह र क्षेत्र नं ४ मा निलम अधिकारीले मनोनयन दर्ता गराएका हुन् ।

त्यसैगरी नेपाली कम्युनिस्ट पार्टीबाट क्षेत्र नं १ मा गिरिराजमणि पोखरेल, क्षेत्र नं २ मा लक्ष्मण कुमार यादव, क्षेत्र नं ३ मा राजकिशोर साह र क्षेत्र नं ४ मा भरतप्रसाद साहले उम्मेदवारी दिएका छन् । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीबाट क्षेत्र नं १ मा प्रमोद कुमार महतो, क्षेत्र नं २ मा दिपककुमार साह, क्षेत्र नं ३ मा उज्जवल झा र क्षेत्र नं ४ मा गौरी कुमारी यादवले प्रतिस्पर्धाका लागि चुनावी मैदानमा होमिएका छन् ।

यस्तै जनता समाजवादी पार्टी नेपालबाट क्षेत्र नं १ मा योगनारायण महतो, क्षेत्र नं २ मा शरतसिंह भण्डारी, क्षेत्र नं ३ मा मिनाक्षी ठाकुर झा र क्षेत्र नं ४ मा डा. सुरेन्द्र यादवले उम्मेदवारी दर्ता गरेका छन् । त्यसैगरी जनमत पार्टीबाट क्षेत्र नं १ मा विरेन्द्र महतो, क्षेत्र नं २ मा जयकुमार पाण्डेय, क्षेत्र नं ३ मा अरविन्द ठाकुर र क्षेत्र नं ४ मा मनोजकुमार साहले मनोनयन दर्ता गराएर चुनावी मैदानमा उत्रिएका छन् ।

महोत्तरीमा ३४ हजार २५२ मतदाता थपिए पछि चार लाख ३१ हजार २८२ मतदता पुगेका निर्वाचन कार्यालय महोत्तरीले जानकारी दिएको छ । यसअघि २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा महोत्तरीमा तीन लाख ९७ हजार ३० मतदाता रहेको थियो । जिल्ला निर्वाचन कार्यालयले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दुई लाख ३५ हजार १८३ पुरुष, एक लाख ९२ हजार ९७ महिला र अन्य २ गरी कुल चार लाख ३१ हजार २८२ मतदाता रहेको जनाएको छ ।

यता धनुषामा १५८ जनाले मनोनयन दर्ता गरेका छन् । क्षेत्र नं. १ मा ४२, क्षेत्र नं. २ मा ३४, क्षेत्र नं. ३ मा ४५ र क्षेत्र नं. ४ मा ३७ जना गरी १५८ जनाको उम्मेदवारी दर्ता भएको बताइएको छ । धनुषा निर्वाचन क्षेत्र नम्बर १ मा मात्रै ४२ जनाले उम्मेदवारी दर्ता गराएका छन् । नेकपा एमालेबाट मधेस प्रदेशसभाका निवर्तमान सभामुख रामचन्द्र मण्डल, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट पूर्वमन्त्री मातृकाप्रसाद यादवलगायतले उम्मेदवारी दर्ता गराएका हुन् ।

यस्तै, क्षेत्र नम्बर २ मा ३४ जनाले मनोनयन

- बाँकी पृष्ठ ३ मा

## झापामा ओली र बालेन आमने-सामने



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ ६ गते ।**

आगामी फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा झापा-५ ले सबैको ध्यान तानेको छ । सो निर्वाचन क्षेत्रबाट पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी ओलीले मंगलवार उम्मेदवारी दर्ता गर्दै आठौं पटक चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । देशमा चार पटक प्रधानमन्त्री भइसकेका ओली २०४८ सालदेखि लगातार त्यही क्षेत्रबाट उठ्दै आएका छन् । २०६४ सालको संविधान सभा निर्वाचनमा नेकपा माओवादीका उम्मेदवार विश्वदीप लिङ्देनसँग पराजित हुनबाहेक हरेक निर्वाचनमा उनी विजयी हुँदै आएका छन् ।

२०७९ को निर्वाचनमा ओली ५२ हजार ३१९ मतसहित निर्वाचित भएका थिए । त्यतिबेला ओलीले राप्रपासँग चुनावी तालमेल गरेका थिए । उनका निकटम प्रतिस्पर्धी कांग्रेसका खगेन्द्र अधिकारीले २३ हजार ७४३ मत प्राप्त गरेका थिए । कांग्रेसले नेकपा माओवादी केन्द्र, नेकपा

- बाँकी पृष्ठ ३ मा

## पर्सामा १ करोड धरौटी बुझाएर रिहा भए रवि लामिछाने



**वीरगन्ज** : वीरगन्जको सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन गरेको मुद्दामा १ करोड रुपैयाँ धरौटी पर्सा जिल्ला अदालतमा बुझाएर रास्वपा सभापति रवि लामिछाने रिहा भएका छन् ।

जिल्ला सरकारी वकिलको कार्यालय पर्साले उक्त सहकारीको ११ करोड ५६ लाख ९४ हजार रुपैयाँ बिगो मागदाबीसहित लामिछानेसहित २९ जनाविरुद्ध गत जेठ ३० गते सहकारी ठगी तथा संगठित अपराध मुद्दाको अभियोगपत्र जिल्ला अदालतमा दर्ता गरेको थियो । साथै उनिविरुद्ध संगठित अपराध निवारण ऐन २०७० को दफा ९

- बाँकी पृष्ठ ३ मा

## स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरुन्तै परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रदेश र पालिकाका रिक्त पदमा ६ महिनाभित्र निर्वाचन हुन्छ : आयोग

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ ६ गते ।**

प्रदेश सभा सदस्य र पालिका प्रमुखले पदबाट राजीनामा दिएर प्रतिनिधि सभा सदस्य निर्वाचनमा सहभागी भएर रिक्त रहेका स्थानमा ६ महिनाभित्र निर्वाचन गर्ने निर्वाचन आयोगले जनाएको छ ।

मंगलबार आयोगको कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले रिक्त रहेका स्थानमा सरकारको




सल्लाहमा ६ महिनाभित्रै निर्वाचन गरी पदपूर्ति गरिने जानकारी दिए । उनले प्रतिनिधि सभा निर्वाचनलगत्तै रिक्त स्थानीय तह तथा प्रदेश सभा क्षेत्रमा निर्वाचन गरिने बताए ।

उनले भने, 'कतिपय प्रदेश सभा सदस्य र पालिका प्रमुखले आफ्नो पदबाट राजीनामा दिएर निर्वाचनमा होमिनुभएको छ । उनले निर्वाचित भएर कार्यसम्पादन गरिरहेको पदबाट राजीनामा दिइसकेपछि निर्वाचन आयोगले सरकारसँग सल्लाह गरेर ६ महिनाभित्र निर्वाचन गरिसक्नुपर्ने वैधानिक व्यवस्था हो । पहिले हामी फागुन २१ मा गर्नुपर्ने निर्वाचन सम्पन्न गर्छौं । त्यसपछि खालि भएका पदहरुमा सरकारसँग सल्लाह गरेर निर्वाचन गरेर पदपूर्ति गर्छौं ।'

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

## सम्पादकीय............

# निर्वाचन आचारसंहिता पालन गर्ने जिम्मेवारी

सर्वविदितै छ, निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । जनताले आफ्नो सार्वभौम अधिकार प्रयोग गरी शासनसत्ताको दिशा तय गर्ने यही प्रक्रिया स्वच्छ, स्वतन्त्र र भयमुक्त नहुने हो भने लोकतन्त्र नाममात्रको बन्न पुग्छ । यही यथार्थलाई आत्मसात् गर्दै निर्वाचन आयोगले आइतबार मध्यरातदेखि निर्वाचन आचारसंहिता लागू गरेको छ । आचारसंहिता कुनै औपचारिक दस्तावेज मात्र होइन, यो निष्पक्ष निर्वाचनको नैतिक र कानुनी आधार हो ।

निर्वाचनलाई स्वच्छ र विश्वसनीय बनाउन आचारसंहिताको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । तर आचारसंहिता कागजमै सीमित रह्यो भने यसको कुनै अर्थ रहँदैन । यसको वास्तविक प्रभावकारिता कार्यान्वयनमा निर्भर हुन्छ । र, यो कार्यान्वयन गर्ने दायित्व आयोगको मात्र होइन, सम्पूर्ण सरोकारवालाको साझा जिम्मेवारी हो । सरोकारवाला भन्नाले राजनीतिक दल र उम्मेदवार मात्र होइनन् । कर्मचारी, शिक्षक, पत्रकार, सुरक्षाकर्मी, सार्वजनिक पदाधिकारी, गैरसरकारी संस्था, नागरिक समाज र स्वयं मतदाता सबै यसका दायराभित्र पर्छन् । राज्यका स्रोत र साधनको दुरुपयोग नगर्ने, पद र पहुँचको अनुचित फाइदा नउठाउने, भ्रामक सूचना र उत्तेजक अभिव्यक्तिबाट टाढा रहने, निष्पक्ष सूचना प्रवाह गर्ने र मतदातालाई डर, दबाब वा प्रलोभनमा नपार्ने यी सबै आचारसंहिताका आधारभूत आत्मा हुन् ।

निर्वाचन आयोगले आचारसंहिता उल्लंघन गर्ने जोकोहीलाई कानुनअनुसार कारबाही गर्ने स्पष्ट सन्देश दिनुपर्छ र त्यसमा कुनै दबाब वा सम्झौता स्वीकार्नु हुँदैन । साथै, नागरिक तहबाट पनि निगरानी, खबरदारी र सहयोग अपरिहार्य छ । लोकतन्त्र जोगाउने काम आयोग वा दलको मात्र होइन, मताधिकार भएका प्रत्येक नागरिकको साझा दायित्व हो ।

निर्वाचन आचारसंहिता पालना गरिनु भनेको कानुनको डरले होइन,लोकतन्त्रप्रतिको आस्थाले हो । निष्पक्ष, स्वतन्त्र र भयमुक्त वातावरणमा सम्पन्न निर्वाचनले मात्र जनमतको वास्तविक प्रतिबिम्ब दिन सक्छ । त्यसैले, आचारसंहिताको पालना गर्न र गराउन कसैले पनि कसर बाँकी राख्नुहुँदैन । यही प्रतिबद्धताले मात्र लोकतन्त्रलाई बलियो, विश्वसनीय र जनमुखी बनाउन सक्छ ।

## राशिफल

मेष - बन्धन कसिलो हुनेछ ।
वृष - सम्मानित स्थान दिलाउनेछ ।
मिथुन - भोजनको आनन्द प्राप्त हुनेछ ।
कर्कट - यश लिने अवसर प्राप्त हुनेछ ।
सिंह - मान-सम्मान आदि पाइनेछ ।
कन्या - भेटघाट गर्ने अवसर प्राप्त हुनेछ ।
तुला - रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ ।
वृश्चिक - काममा साथ दिनेहरू बढ्नेछन् ।
धनु - अर्थअभाव देखा पर्नेछ ।
मकर - फाइदा हुने काम प्रारम्भ हुन सक्छ ।
कुम्भ - साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ ।
मिन - चिताएका काम सम्पादन हुनेछन् ।

# भत्कियो गठबन्धन संस्कृति









**काठमाडौं, माघ २६ गते ।** विगतका चुनावहरूमा नेकपा एमालेसँग गठबन्धन गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनले यसपटक आम जनतासँग मात्र तालमेल हुने घोषणा गरिसकेका छन् ।

उम्मेदवारी दर्ता गराउन सोमबार झापा पुगेका लिङदेनले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेखे, 'राप्रपाको तालमेलः ... आम जनतासँग ।' स्टाटस लेख्नुअघि उनले झापाका ५ वटै निर्वाचन क्षेत्रका उम्मेदवार टुंग्याएका थिए । झापा-३, मा आफैंले मनोनयन दर्ता गराएका लिङदेनले बाँकी क्षेत्रहरूमा पनि तुलनात्मक बलिया उम्मेदवार उठाएका छन् । गत चुनावमा झिनो अन्तरले निकटतम प्रतिद्वन्द्वी बनेका स्वागत नेपाललाई पार्टी प्रवेश गराएरै झापा-२, बाट राप्रपाले उम्मेदवार बनाएको छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले चुनाव लड्दै आएको झापा जिल्लामा चुनावी गठबन्धन अभ्यासका निम्ति राप्रपा रणनीतिक शक्ति हो । त्यसैले लिङदेनको स्टाटस र उम्मेदवारहरूबारे भएका निर्णयले राष्ट्रिय राजनीतिमै अर्थ राख्छ ।

बितेका चुनावहरूमा झापा-३, मा लिङदेनलाई एमालेले भोट हाल्ने र बाँकी क्षेत्रमा एमाले उम्मेदवारलाई राप्रपाको भोट जाने गरेको थियो । राजनीतिक विचारधारा, पार्टीको नारा र उद्देश्यहरू एकअर्कामा ठीक उल्टो बाक्ने एमाले र राप्रपाबीच चुनावी सहकार्य हुनुको प्रष्ट उद्देश्य थियो- केपी ओली र राजेन्द्र लिङदेनले जसरी पनि जित्ने ।

गठबन्धनको परिणाम दुवैले जित्दै पनि आएका छन् । नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालाई हराएर झापा-३, बाट लिङदेनले जित्दै आउनुमा एमालेको मत लुकेको छैन । झापा-५ मा ओलीले जित्दा राप्रपाको मतसमेत जोडिएको छ ।

मनोनयन दर्ताको अघिल्लो साँझसम्म (सोमबार) पनि झापा-३, मा एमालेले आफ्ना उम्मेदवारबारे निर्णय नगरेर गठबन्धनको सम्भावनाबारे अनुमान गर्ने ठाउँ राखेको थियो । तर, अन्तिम समयमा हरि राजवंशीलाई एमालेले उम्मेदवार बनायो । राप्रपाले पनि झापा-५ मा लक्ष्मीप्रसाद संग्रौलालाई उम्मेदवार बनाएको छ ।

दुवैले सबै क्षेत्रमा उम्मेदवारी मनोनयन दर्ता गराउनुले अहिलेसम्म चुनावी गठबन्धन नभएकै बुझिन्छ । एमाले र राप्रपाबीच मात्र नभएर झापामा अरू दलहरू नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी लगायतले पनि अलग-अलग उम्मेदवारी दिएका छन् । कुनै दलले कसैसँग गठबन्धन गरेका छैनन् ।

बरू नयाँ प्रतिस्पर्धी शक्ति थपिएका छन् । ओलीलाई हराउने घोषणा नै गरेर बालेन्द्र शाहले झापा-५ मा मनोनयन दर्ता गराएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको घण्टी चिह्नबाट चुनाव लड्न उनले काठमाडौं महानगरको मेयरबाट राजीनामा दिएका छन् । अर्को शक्तिका रूपमा देखिएका हर्क साम्पाङको श्रम संस्कृति पार्टीबाट समीर तामाङले ओली र बालेनलाई नै हराउने भनिरहेका छन् ।

२०७९ को चुनावमा झापामा एमाले र राप्रपाबीच गठबन्धन हुँदा कांग्रेस, तत्कालीन माओवादी केन्द्र, एकीकृत समाजवादी सहितको पाँच दल सम्मिलित महागठबन्धन बनेको थियो ।

यस्तै, २०७४ को चुनावमा कांग्रेसविरूद्ध एमाले, माओवादी र राप्रपाको गठबन्धन बनेको थियो । तर, यसपटक मनोनयन दर्ता हुँदाका दिनसम्मलाई हेर्दा दलहरू एक्लाएक्लै भिड्न मैदानमा उत्रिएका छन् ।

### एकल प्रतिस्पर्धामा दलहरू

यसपटक बदलिएको चुनावी शक्ति-संघर्ष बुझ्न झापालाई प्रतिनिधि जिल्लाका रूपमा लिन सकिन्छ । झापाकै जस्तो स्थिति यसपटक देशभर निर्माण भएको छ ।

कांग्रेस, एमाले, नेकपा, रास्वपा, राप्रपालगायत दलहरूले एकल उम्मेदवारी दिएका छन् । अर्थात्, एकअर्काविरूद्ध एक्लाएक्लै भिड् दैछन् ।

नेताहरूका भनाइ अनुसार मनोनयन दर्ता सकिँदासम्म गठबन्धनबारे कसैले कुनै दलसँग छलफल गरेका छैनन् । कांग्रेसका प्रवक्ता देवराज चालिसे, पार्टी नेतृत्व परिवर्तन हुनुको एउटा मूल एजेन्डा रुख चिह्न कसैसँग नसाट्ने रहेकाले देशभर उम्मेदवारी दिएको बताउँछन् ।

'देशभरका मतदाताले रुखमा भोट हाल्न पाउने स्थिति निर्माण गरेका छौं, सम्पूर्ण क्षेत्रमा हाम्रा उम्मेदवार छन्,' चालिसे भन्छन् ।

एमाले प्रचार विभागका संयोजक मीनबहादुर मीनबहादुर शाही पनि गठबन्धनबारे कसैसँग अहिलेसम्म सम्वाद र वार्ता केही नभएको बताउँछन् । 'एमालेलाई मुलुकको निर्णायक राष्ट्रिय शक्ति बनाउने संकल्पमा प्रतिबद्ध छौं, त्यसैअनुसार देशका १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएका छौ,' शाही भन्छन् ।

नेकपाले भने बाग्लुङको एउटा क्षेत्र राष्ट्रिय जनमोर्चालाई दिएर आंशिक गठबन्धन गरेको छ । तर मुलतः देशभर एक्लै लड्नेगरी उम्मेदवारी दिएको छ । 'बाग्लुङको एउटा क्षेत्र छोडेका छौं, बाँकी देशभर तारा चिह्नमा मत हाल्न पाइनेगरी उम्मेदवारी दिएका छौं,' नेकपाका नेता देवेन्द्र पौडेल भन्छन् ।

जबकि अघिल्ला निर्वाचनहरूमा ठूल्ठूला गठबन्धनबीच चुनावी प्रतिस्पर्धा हुने गरेको थियो । एकअर्कालाई हराउन जसले जोसँग पनि चुनावी सहकार्य गर्ने संस्कृति स्थापित हुने सम्भावा बढेको थियो ।

प्रमुख दलहरूबीच नै गठबन्धन गर्ने अभ्यास भने २०७४ को स्थानीय चुनावबाट थालनी भएको थियो । त्यसबेला एमालेविरुद्ध लड्न कांग्रेस र माओवादी मिलेका थिए । कम्युनिष्ट र कांग्रेसले साझा उम्मेदवार बनाएको त्यो गठबन्धनको सन्देश सकारात्मक हुन सकेको थिएन । बरू बद्नाम र विकृत बन्न पुगेको थियो । भरतपुर महानगरपालिकाको मेयर जित्न माओवादी उम्मेदवार रेणु दाहालका प्रतिनिधिले मतपत्र च्यातेको घटना त्यसबेलाको हो ।

तर, लगत्तै २०७४ को मंसिरमा सम्पन्न प्रदेश र प्रतिनिधिसभाको चुनावमा एमाले-माओवादीबीच गठबन्धन भयो । वामशक्तिविरुद्ध लड्न कांग्रेसले राप्रपासहितका साना शक्तिहरू समेटेर लोकतान्त्रिक गठबन्धन बनाए । मधेशमा उपेन्द्र यादव र महन्थ ठाकुरबीच गठबन्धन भएको थियो । गठबन्धन गर्दा मधेश प्रदेशबाहेक ६ प्रदेश र संघीय संसदमा कम्युनिष्टहरूले झण्डै दुईतिहाइ सिट जितेका थिए । तर तत्कालीन नेकपाभित्रको मतभेद र विभाजनका कारणले पूरा अवधि सत्ता चलाउन सकेनन् ।

२०७९ सालको चुनावमा कांग्रेस नेतृत्वमा पाँच दल मिलेर चुनाव लडे । एमालेले पनि पाँच दलीय गठबन्धनविरुद्ध उपेन्द्र यादव नेतृत्वको जसपा र राजावादी-हिन्दूवादी शक्तिहरूसँग गठबन्धन गऱ्यो । तर नतिजा भने दुई ठूला गठबन्धनले सोचे जस्तो आएको थिएन ।

पाँच दलीय गठबन्धनमा रहेका दलहरूले भएकै सिट संख्या पनि गुमाएको थियो । मधेश र कोशीमा अपेक्षित नतिजा ल्याए पनि एमालेको आकार खुम्चिएको थियो ।

ठूला दुई गठबन्धनले अपेक्षित नतिजा नल्याउनुमा भने नयाँ शक्तिहरू उदय हुनु थियो । परम्परागत शक्ति राप्रपाको

*- बाँकी पृष्ठ ३ मा*

**जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाईराख्न आगो ताप्ने, हिटर बाल्ने गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं ।

१. हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं ।
२. कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं ।
३. आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री नजिकै नराखौं ।
४. आगो तापी सकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं ।
५. हिटरको प्रयोग गर्दा समय समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं ।
६. सुत्नु अघि अनिवार्य रूपमा हिटर निभाउने गरौं ।
७. गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुल्ला ठाउँमा जडान गरौं ।
८. होसियारी अपनाउँदा गपनाउँदै पनि अप्रिय घटना भएमा नआत्तिकन १०० प्रहरी र १०२ मा एम्बुलेन्सलाई कल गरौं ।

जनहितका लागि

**सोनमा गाउँपालिका**
सोनमा, महोत्तरी

## महोत्तरीमा १४३ जनाको...

दर्ता गरेका छन् ।

जसमा एमालेबाट पूर्वमन्त्री उमाशंकर अरगरिया, नेकपाबाट पूर्वमन्त्री रामचन्द्र झा, कांग्रेसबाट दिनेश प्रसाद यादव (प्रसैला) लगायतले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यसैगरी क्षेत्र नम्बर ३ मा ४५ जनाले उम्मेदवारी दिएका छन् । जसमा नेकपा एमालेबाट पूर्वमन्त्री जुलीकुमारी महतो, कांग्रेसबाट पूर्वमन्त्री विमलेन्द्र निधि, रास्वपाबाट मनिष झा, जसपा नेपालबाट परमेश्वर साहलगायतले उम्मेदवारी दर्ता गराएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

त्यस्तै क्षेत्र नम्बर ४ मा ३७ जनाले उम्मेदवारी दर्ता गरेका छन् । यसमा एमालेका उपमहासचिव एवं पूर्वमन्त्री रघुवीर महासेठ, कांग्रेसबाट पूर्वमन्त्री महेन्द्र यादव, नेपाली कम्युनिस्ट पार्टीबाट संजय कुमार महतो, राष्ट्रिय स्वतन्त्र पार्टीबाट राजकिशोर महतो लगायतले उम्मेदवारी दर्ता गराएका छन् ।

## सांसद् बन्न दल बदल...

२०५३ मा राप्रपामा लागेका इश्तियाक २०६२/६३ को जनआन्दोलनताका उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम प्रवेश गरे । २०६४ सालको संविधान सभामा बाँके २ बाट निर्वाचित भएका थिए ।

२०७४ को संसदीय निर्वाचन जितेका इश्तियाक २०७९ मा राप्रपाका डा. धवलशमशेर राणासँग पराजित भएका थिए ।

मधेश प्रदेशका पूर्व मुख्यमन्त्री सतिशकुमारसिंह यादव पनि दल बदलेर उम्मेदवार बनेका छन् । २०७९ मा जनमतबाट प्रदेश सभा सदस्य जितेर मुख्यमन्त्री बनेका उनले यसपटक स्वाभिमान पार्टीबाट चुनाव लड्दैछन् । उनले सप्तरी-२ बाट उम्मेदवारी दिएका छन् ।

२०७४ मा राजपाबाट सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका अध्यक्ष बनेका उनी २०७९ भदौमा जनमत पार्टीमा प्रवेश गरेका थिए । पार्टी प्रवेश लगत्तै सप्तरी २(१) बाट प्रदेशसभा सदस्य बने ।

नेकपा (माओवादी केन्द्र)बाट २०७९ मा मधेश प्रदेश सभा सदस्य बनेका रहबर अन्सारीले पनि पार्टी बदलेका छन् । यसपटक उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट चुनाव लड्ने भएका छन् ।

पूर्वमन्त्री तथा कांग्रेस नेता वीरेन्द्रकुमार कनौडियाले पनि दल बदलेका छन् । एमाले प्रवेश गरेका उनले कपिलवस्तु -३ बाट उम्मेदवारी दिएका छन् ।

२०७४ मा कनौडियाले कपिलवस्तु-३ को प्रदेशसभा (ख) बाट चुनाव जितेका थिए । २०७९ सालको निर्वाचनमा भने उनले सोही क्षेत्रमा हारे ।

निवर्तमान सांसद डा. अमरेशकुमार सिंह चुनावको मुखमा रास्वपा प्रवेश गरेका छन् । लामो समयदेखि कांग्रेसमा रहेर राजनीति गरेका अमरेशलाई २०७९ सालको निर्वाचनमा पार्टीले टिकट दिएन । त्यसपछि स्वतन्त्र उम्मेदवारी दिएर चुनाव जिते ।

२०६३ सालमा कांग्रेसबाट अन्तरिम व्यवस्थापिका संसद सदस्य रहेका उनी २०७० मा सर्लाहीबाट प्रत्यक्ष निर्वाचन जिते । २०७४ सालमा सर्लाही ४ बाट प्रत्यक्ष चुनाव जिते । राप्रपाका प्रदेश सांसद् सुनिल केसी रास्वपाबाट उम्मेदवार बनेका छन् । केसीले २०७९ मा राप्रपाबाट बागमती प्रदेश सभा सदस्यको चुनाव जितेका थिए ।

काठमाडौं क्षेत्र नम्बर २ अन्तर्गत प्रदेशसभा (क) बाट चुनाव जितेका केसी कार्यकाल पुरा नगरी प्रतिनिधि सभा सदस्यको उम्मेदवार बनेका हुन ।

मनोनयनकै दिन पार्टी परिवर्तन गर्ने अर्का नेता हुन्, किरणकुमार साह । २०७९ को चुनावमा उनले स्वतन्त्र उम्मेदवारको रुपमा प्रतिनिधिसभा सदस्यको चुनाव जितेका थिए ।

एमालेबाट विद्रोह गरेर स्वतन्त्र उम्मेदवारी दिएका प्रभु शाह नेतृत्वको टिमलाई समर्थन गर्दै चुनाव लडेका साह चुनाव जितेपछि एमालेमा प्रवेश गरे । प्रतिनिधि सभा अन्तर्गतको महिला तथा समन्वय समितिको सभापति भए ।

यसपटक उनी एमालेबाटै चुनाव लड्न चाहन्थे । पार्टीले टिकट नदिएपछि नेकपा प्रवेश गरेर रौतहट-२ बाट उम्मेदवारी दर्ता गरेका छन् । अनलाईनखबर




## भत्कियो गठबन्धन...

अनपेक्षित आकार बढाएको थियो भने रास्वपा, जनमत र नाउपा जस्ता शक्तिको उदय भयो ।

यसपटक भने चुनावी गठबन्धनको अभ्यास तोडिएको छ । यसरी दलहरू एक्लाएक्लै भिड्ने परिस्थितिको सिर्जना भने कांग्रेसको नेतृत्व परिवर्तनसँग जोडिएको छ । जेनजी विद्रोहबाट सत्ता पलट भएपछि २१ फागुनमा घोषणा भएको चुनावमा कांग्रेस र एमालेबीच गठबन्धन गर्ने सहमति जुटिसकेको थियो ।

ओलीले शेरबहादुर देउवासँग गठबन्धन गर्ने सहमति गरेकाले पुष्पकमल दाहाल प्रचण्डले भने स-साना डेढ दर्जन शक्तिसँग मिलेर नेपाली कम्युनिष्ट पार्टी बनाएका थिए । मधेश केन्द्रीत शक्तिहरूबीच एकता भइसकेको थियो । तर विशेष महाधिवेशन मार्फत बदलिएको कांग्रेस नेतृत्वलाई निर्वाचन आयोगले मान्यता दियो ।

गगन थापा कांग्रेस सभापति भएर आएपछि पूर्वघोषणा बमोजिम कसैसँग गठबन्धन नगर्ने नीतिमा अगाडि बढे ।

'सत्तालाई केन्द्रमा राखेर गरिने प्रिपोल एलायन्सले दलहरूको संगठनात्मक आधारलाई क्षतविक्षत बनाएको थियो । सैद्धान्तिक बिचलन हुन पुगेको थियो,' कांग्रेस प्रवक्ता चालिसे भन्छन्, 'त्यस्तो गठबन्धनलाई अन्त्य गर्नुपर्ने थियो, बारम्बार वकालत गर्दै आएको थियो । र नेतृत्व परिवर्तनसँगै बदलिएको कांग्रेसको सन्देश दिएका छौं ।'

नेतृत्व बदलिएको कांग्रेसले एक्लै उम्मेदवारी दिएपछि अरू दलहरू पनि दबाबमा परेको बुझ्न सक्छौं । 'कांग्रेस बदलिएको सन्देश हामीले दिनुपर्ने थियो, र दियौं,' चालिसे भन्छन् । उनका अनुसार दुईतिहाइ बढी नयाँ अनुहारले कांग्रेसबाट टिकट पाएका छन् । त्यसमा समावेशीतालाई ध्यानमा राखिएको उनी बताउँछन् ।

'हामीले युवा, नयाँ अनुहार र समावेशीतालाई ध्यान दिएर उम्मेदवारी दियौं,' उनी भन्छन्, 'कांग्रेस बदलिएको सन्देशले अरु दलहरूमा पनि परिवर्तनको सन्देश दिनुपर्ने दबाब पर्‍यो ।'

यद्यपि चुनावी गठबन्धनको सम्भावना अझै टरिनसकेको नेताहरू बताउँछन् । 'उम्मेदवारी दर्ता हुँदा कसैसँग कसैको गठबन्धन भएको छैन, तर गठबन्धनको सम्झना अझै टरिसकेको छैन,' राप्रपाका एक नेता भन्छन्, 'उम्मेदवारी फिर्ताको अवधिसम्म गठबन्धनको निर्णय गर्ने सम्भावना रहन्छ ।'

एमाले प्रचार विभाग संयोजक गठबन्धनको सम्भावना टरिनसकेको स्वीकार्छन् । 'लोकतन्त्रको रक्षा, संविधान सर्वोच्चता, विधिको शासन स्थापित गर्ने कुरामा लोकतान्त्रिक शक्तिहरूबीच सम्वाद नहोला भन्न सकिन्न,' उनी भन्छन् । अनलाइनखबर

## पर्सामा १ करोड धरौटी बुझाएर...

को खण्ड (क) र (ग) बमोजिम थप सजायसमेत सरकारी वकिलको कार्यालयले अदालत समक्ष माग गरेको थियो । त्यही मुद्दामा पर्सा जिल्ला अदालतमा न्यायाधीश रुद्र सुवेदीको इजलासमा मंगलबार थुनछेक बहस भएको थियो । बयान र थुनछेक बहसका लागि मंगलबार पर्सा जिल्ला अदालतमा लामिछाने स्वयं उपस्थित भएका थिए । सुवेदीको इजलासले थुनछेक बहसपछि लामिछानेसँग १ करोड रुपैयाँ धरौटी रकम माग गरेको थियो । त्यसपछि उनि १ करोड रुपैयाँ रकमको प्रभु बैंकको ग्यारेन्टी बुझाएर मंगलबार नै रिहा भएको पर्सा जिल्ला अदालतका श्रेस्तेदार प्रभाकर मल्लिकले जानकारी दिए ।

वीरगन्जस्थित सानो पाइला बचत तथा ॠण सहकारी संस्थाको रकम अपचलनको अनुसन्धान सकेर पर्सा प्रहरीले सरकारी वकिल कार्यालय पर्सालाई प्रतिवेदन बुझाएको थियो । त्यसैका आधारमा सरकारी वकिलको कार्यालयले अध्ययनपछि लामिछानेसहित २९ जनाउपर जिल्ला अदालतमा अभियोगपत्र दर्ता गरेको थियो । मंगलबार अदालतमा धरौटी बुझाएर रिहा भएलगत्तै लामिछाने आफ्नो निर्वाचन क्षेत्र चितवन-२ मा मनोनयन दर्ता गराउन वीरगन्जबाट प्रस्थान गरेका थिए ।

## सरकारी ॠण २८ खर्ब...

रहेको कार्यालयले जनाएको छ । सरकारले चालु आर्थिक वर्षका लागि तीन खर्ब ६२ अर्ब आन्तरिक ॠण उठाउने लक्ष्य राखेकोमा पुस मसान्तसम्ममा एक खर्ब ७७ अर्ब ६६ करोड ६९ लाख बराबर उठाइसकेको छ ।

त्यस्तै, बाह्य ॠणतर्फ दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख उठाउने सरकारी लक्ष्य रहेकोमा हालसम्म ३६ अर्ब ८९ करोड २२ लाख मात्रै उठाएको छ ।

सार्वजनिक ॠणको साँवा ब्याज भुक्तानीमा पनि पछिल्लो छ महिनामा ठुलो रकम खर्च भएको छ ।

सार्वजनिक ॠणको सावाँ ब्याज तिर्न सरकारले चालु आर्थिक वर्षका लागि चार खर्ब ११ अर्ब एक करोड बजेट विनियोजन गरेकोमा गत पुस मसान्तसम्ममा एक खर्ब ८७ अर्ब १२ करोड भुक्तानी भइसकेको छ ।

जसमध्ये आन्तरिक ॠणको सावाँ ब्याज भुक्तानीका लागि एक खर्ब ५५ अर्ब १३ लाख ५४ हजार र बाह्य ॠण तिर्न ३१ अर्ब ९९ करोड १२ खर्च भएको छ ।

त्यस्तै, आन्तरिक र बाह्य दुवै शीर्षकका ॠणको सावाँ भुक्तानीका लागि पछिल्लो छ महिनामा एक खर्ब ५२ अर्ब ८९ करोड र ब्याज भुक्तानीका लागि ३४ अर्ब २३ करोड खर्च भएको कार्यालयले जनाएको छ ।

कुल गार्हस्थ उत्पादनको आधारमा पुस मसान्तसम्मको कुल ॠण सेवा खर्च ३.०६ प्रतिशत हुन आउँछ । रासस

## झापामा ओली र बालेन...

एकीकृत समाजवादीसँग गठबन्धन गरेको थियो । तेस्रो स्थानमा रहेका रास्वपाका उम्मेदवार सुरेश कुमार पोखरेलले ११ हजार ७५९ मत प्राप्त गरेका थिए ।

ज ` न ज ी विद्रोहको क्रममा सत्ता गुमाएका ओलीलाई योपटक निर्वाचनमा काठमाडौं महानगरपालिकाका निवर्तमान प्रमुख बालेन शाहले चुनौती दिएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता रहेका बालेनले संसदीय निर्वाचनमा 'डेब्यू' गरेका हुन् । उनले पनि मंगलबार झापा पुगेर मनोनयन दर्ता गरेका हुन् । आसन्न निर्वाचनमा एमालेले ओलीलाई र रास्वपाले बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा अगाडि सारेको छ । यस क्षेत्रमा गौरीगञ्ज गाउँपालिकाका वडा नं. ३, ४, ५, ६, गौरादह नगरपालिकाका वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, दमक नगरपालिका र कमल गाउँपालिका पर्दछ । झापा-५ मा नेपाली कम्युनिस्ट पार्टीले रञ्जित तामाङलाई उम्मेदवार बनाएको छ ।



# बुद्यौली साहित्य समाजको प्रथम साहित्यिक शृंखला सम्पन्न




**नारायण घिमिरे**
**बर्दिबास, माघ ६ गते ।**
बुद्यौली साहित्य समाज धनुषाको प्रथम साहित्यिक शृङ्खला सम्पन्न भएको छ । श्री राष्ट्रिय आदर्श मावि मिथिला नगरपालिका-१० लालगढ धनुषाको सभाहलमा यस समाजका अध्यक्ष नानीराम दहालको अध्यक्षता तथा शिक्षाप्रेमी नारायण विक्रम थापाको प्रमुख आतिथ्यतामा उक्त साहित्यिक श्रृंखला सम्पन्न भएको हो ।
बुद्यौली साहित्य समाज महोत्तरीका सदस्य नारद प्रसाद काफ्लेले सञ्चालन गरेको प्रथम साहित्यिक शृङ्खलामा उपस्थिति प्रमुख अतिथि, अतिथि लगायत सम्पूर्णलाई यस समाजका उपाध्यक्ष तोप प्रसाद अधिकारीले स्वागत मन्तव्य राखेका थिए ।
कार्यक्रममा विभिन्न लयका कविता, गीत, गजल वाचन गरिएका थिए । वाचन गर्नेहरूमा स्मृति भण्डारी, सुदर्शन भट्टराई, नारद काफ्ले, यशोदा श्रेष्ठ, प्रेम घिमिरे, नारीराम दहाल, विपुल विद्रोही, लक्ष्मण पौडेल र स्नेहा भण्डारी थिए ।
बुद्यौली साहित्य समाज धनुषाका सदस्य नील हरि गजुरेल, बर्दिबास साहित्यिक -सांस्कृतिक प्रतिष्ठान बर्दिबास महोत्तरी अध्यक्ष यशोदा श्रेष्ठ, सर्लाही साहित्य समाजका सदस्य लक्ष्मण पौडेल, गौरीशंकर बाङमय प्रतिष्ठानका अध्यक्ष प्रेम घिमिरे, बुद्यौली साहित्य समाज महोत्तरी सचिव सुदर्शन भट्टराई, बुद्यौली साहित्य समाज मधेश प्रदेश समितिका सचिव तथा प्रगतिशील लेखक सङ्घ नेपाल महोत्तरी अध्यक्ष रामचन्द्र पौडेललगायतले धारणा राखेका थिए ।
कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नारायण विक्रम थापाले बृद्ध वर्गलाई सम्मान गर्न सिकाउने साहित्य सिर्जना गर्नु आजको आवश्यकता रहेकोले यसलाई बुद्यौली साहित्य समाजले अभिभावकीय भूमिका निर्वाह गर्न सकोस् भन्ने कामना व्यक्त गरेका छन् ।

# सांसद बन्न दल बदल, प्रवेश गरेकै दिन चुनावी टिकट



**काठमाडौं, माघ ६ गते ।**
रौतहत-१ मा नेपाली कांग्रेसबाट अनिलकुमार झाले उम्मेदवारी दिएका छन् । उनको पहिचान भने मधेशवादी दलका नेताको छ । हुन पनि ६ माघ बिहानसम्म उनी नेपाल सद्भावना पार्टीका अध्यक्ष थिए । दिउँसो कांग्रेससँग सहमति गरेर उम्मेदवारी दर्ता गरे । २०५६ मा सद्भावना पार्टीको सहमहासचिव बनेका उनी संघीय सद्भावना पार्टी, राष्ट्रिय जनता पार्टी (राजपा), लोकतान्त्रिक समाजवादी (लोसपा) हुँदै एमालेका पुगेका हुन ।
नेकपा (एमाले)का अम्बिरबाबु गुरुङ पार्टीले टिकट नदिएपछि नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को सम्पर्कमा पुगे । नेकपाका तर्फबाट निर्वाचन क्षेत्रमा खटिएका नेता देव गुरुङले अम्बिरबाबुलाई ओखलढुंगाबाट टिकट दिलाए । एमालेका पूर्व सांसद बृजेशकुमार गुप्ताले पार्टी छाडेका छन् । पार्टी छाडेर उनले नेकपाको चुनाव चिह्न तारा लिएर कपिलवस्तु-२ मा उम्मेदवारी दर्ता गरेका छन् ।
२०५६ सालमा उनी राप्रपाबाट सांसद निर्वाचित भएका थिए। २०६४ मा तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)बाट संविधान सभा सदस्य बने । २०७४ मा एमालेबाट सांसद बने । २०७९ मा उम्मेदवारी दिएका उनले चुनाव जितेनन् ।
जनता समाजउवादी पार्टी, (जसपा) नेपालका केन्द्रीय कार्यकारिणी सदस्य आत्मराम साहले मंगलबार आम जनता पार्टी (आजपा) मा प्रवेश गरेकै दिन बारा-२ को टिकट पाए ।
संविधान सभा सदस्य रहिसकेका आत्मराम प्रत्यक्ष तर्फ उम्मेदवारी दर्ताकै दिन उपेन्द्र यादव नेतृत्वको पार्टी छाडेर प्रभु साह अध्यक्ष रहेको आजपामा प्रवेश गरेका हुन् ।
उम्मेदवार बन्नकै लागि आत्मरामले दल बदलेको बुझ्न गाह्रो छैन । २१ फागुनका लागि निर्वाचन मिति घोषणा भएयता टिकट पाउनका लागि अर्को दल रोजेका नेताहरूको सूची लामो छ ।

**तीन हप्तामा दुई पार्टी प्रवेश**

जसपा नेपालका अर्का नेता तथा पूर्वमन्त्री प्रदिप यादव शनिबार एमाले प्रवेश गरेका छन् । उनी पनि पर्सा-१ मा टिकट पक्का गरेर एमालेमा गएका हुन् ।
रोचक के छ भने प्रदीप जसपा नेपालमा प्रवेश गरेको तीन हप्तामै उनले पार्टी छाडेका हुन । उनी गत पुस दोस्रो साता मात्र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) छाडेर जसपा नेपाल प्रवेश गरेका थिए ।
राईको जसपाका अर्का नेता डा. वीरेन्द्र महतो टिकटकै लागि जनमत पार्टीमा गएका छन् । जनमत पार्टीमा आए लगत्तै अध्यक्ष डा. सीके राउतले डा. महतोलाई सिराहा-४ बाट चुनाव लड्न टिकट दिए ।
महतो २०७९ सालमा सिराहा-४ बाटै विजयी भएका थिए । २०६५ सालमा उपेन्द्र यादव नेतृत्वको जसपामा आवद्ध महतो २०७० मा समानुपातिक सांसद बनेका थिए ।
जसपाकै महासचिव मोहम्मद इस्तियाक राई पनि चुनावको मुखमा जसपा छाड्ने अर्का नेता हुन । एमालेमा प्रवेश गरेका इस्तियाकले बाँकेबाट उम्मेदवारी दिएका छन् ।

*- बाँकी पृष्ठ ३ मा*

# सरकारी ऋण २८ खर्ब नाघ्यो

**काठमाडौं, माघ ६ गते ।**
नेपालको सार्वजनिक ऋण २८ खर्ब नाघेको छ । चालु आर्थिक वर्ष २०८२/०८३ को सुरु हुँदा कुल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब चार करोड रुपैयाँ रहेकोमा पुस मसान्तसम्ममा एक खर्ब ३२ अर्ब ३४ करोड थप वृद्धि भई २८ खर्ब छ अर्ब ३९ करोड पुगेको छ । हाल सरकारले तिर्न बाँकी कुल सरकारी ऋण कुल गार्हस्थ उत्पादनको ४५.९५ प्रतिशत बराबर हुन आउँछ ।
सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५३ प्रतिशत अर्थात् १४ खर्ब ८७




अर्ब २६ करोड २२ लाख र आन्तरिक ऋणको हिस्सा ४७ प्रतिशतअर्थात् रु १३ खर्ब १९ अर्ब १३ करोड १० लाख छ । कुल गार्हस्थ उत्पादनको आधारमा आन्तरिक ऋणको अनुपात २१.६० र बाह्य ऋणको अनुपात २४.३५ प्रतिशत छ ।
सरकारले चालु आर्थिक वर्षका लागि पाँच खर्ब ९५ अर्ब बराबर सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको छ । अर्धवार्षिक समीक्षा अवधिसम्ममा दुई खर्ब १४ अर्ब ५५ करोड प्राप्ति भइसकेको छ । जुन वार्षिक लक्ष्यको ३६ दशमलव ०२ प्रतिशत हुन आउँछ ।
पछिल्लो छ महिनामा सरकारले उठाएको ऋणमा आन्तरिक ऋणको हिस्सा ८२.८१ र बाह्य ऋणको हिस्सा १७.१९ प्रतिशत

*- बाँकी पृष्ठ ३ मा*

**कर्मचारी आवश्यकता**

मधेश प्रदेशको न्यमि क्तबच कम्पनीको जुत्ता चप्पलको अधिकृत विक्रेता S.B.Sales and Suppliers बर्दिवासका लागि केही कर्मचारी आवश्यकता भएको हुनाले इच्छुक व्यक्ति तुरुन्त सम्पर्क राख्नुहोला ।

| | | | |
|---|---|---|---|
| पद | : सेल्स मार्केटिङ्ग | पद | : स्टोर किपर |
| संख्या | : १ जना (पुरुष) | संख्या | : १ जना (पुरुष) |
| योग्यता | : +२ उत्तिर्ण | योग्यता | : +२ उत्तिर्ण |

**तलब :** आपसी सम्झदारीमा तय गरिनेछ ।
**नोट :** मोटरसाईकल लाईसेन्स भएको, सम्बन्धीत काममा अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।

सम्पर्क :
**S.B.Sales & Suppliers**
बर्दिवास-१, महोत्तरी
मो.नं.- ९८२३४९१९२१, ९८४४३६१५८८

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री